# बागमती प्रदेश विकास दर्पण लोकार्पण कार्यक्रम

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश
मिति २०७७ माघ ६ गते

# प्रस्तुतिकरणको ढाँचा

- बागमती प्रदेश विकास दर्पणको लोकार्पण
- बागमती प्रदेश संक्षिप्त प्रगति
- मन्त्रालयगत संक्षिप्त प्रगति
  - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
  - आन्तरिक मामिला तथा कानुन मन्त्रालय
  - आर्थिक मामिला तथा योजना मन्त्रालय
  - उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय
  - भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय
  - भौतिक पूर्वाधार विकास मन्त्रालय
  - सामाजिक विकास मन्त्रालय


बागमती प्रदेश विकास दर्पण
२०७७
प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश

# बागमती प्रदेशको तुलनात्मक प्रगति

- मिति २०७६।९।२७ गते प्रदेशको नाम बागमती र राजधानी हेटौंडा कायम ।
- महालेखा परीक्षकको ५७ औ प्रतिवेदन अनुसार सबैभन्दा कम बेरूजु भएको प्रदेश ।
- वि. सं. २०८५ सम्म विद्युतीय सवारी साधन सञ्चालनको गर्ने नीति लिइएको ।
- “प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको स्थापना” प्रकृयामा रहेको ।
- प्रदेश सुशासन केन्द्रको स्थापना एवम् कार्य सन्चालन ।
- प्रदेश लोक सेवा आयोग गठन ।
    - मिति २०७७।८।८ मा सहायक चौथौ तहको ४६९ पदका लागि विज्ञापन भएको जसमा ५५००० भन्दा बढीको दरखास्त परेको ।
    - मिति २०७७।९।३ मा सहायक पाँचौ तहको ५२० पदका लागि विज्ञापन भएको जसमा हालसम्म ४९८५८ दरखास्त संकलन भएको।
- उत्पादन र रोजगारी सिर्जनाको लागि सहुलियत पूर्ण कर्जा कार्यक्रम शुरु भएको ।
    - कृषि विकास बैंक तथा साना किसान लघुवित्त वित्तीय संस्थाबीच संझौता भएको भई कर्जा प्रवाह शुरूवात भएको ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

- कानुन निर्माणः हालसम्म ५८ वटा ऐन, १९ वटा नियमावली, १६ वटा कार्यविधि, ३ वटा निर्देशिका ८ वटा आदेश गरी कुल १०८ वटा कानुन तर्जुमा भएको ।
- मन्त्रिपरिषदको बैठकः २०७७ पौष मसान्तसम्म १०६ पटक मन्त्रिपरिषद् बैठक बसेर ४६३ ओटा निर्णय भएको ।
- “सुसंस्कृत र सुखी जनता समाजबाद उन्मुख समृद्ध प्रदेश” को दुरगामी सोचलाई पुरा गर्न बागमती प्रदेशको पहिलो आवधिक योजना २०७६।७७-२०८०।८१ कार्यान्वयनमा ल्याइएको ।
  - प्रदेश नीति तथा योजना आयोगबाट दिगो विकास लक्ष्यसहित अन्य दस्तावेज तयार भइ कार्यान्वयनमा ल्याइएको ।
- २०७७।०४।०१ गते माननीय मुख्यमन्त्री र माननीय मन्त्रीहरू बीच, माननीय मन्त्री र सचिव बीच् एवम् सबै तहका कार्यालय प्रमुखसँग कार्य सम्पादन करार संझौता भएको ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

- प्रदेश राजपत्र प्रकाशन गर्ने गरिएको ।
- "प्रदेश ऐन तथा नियम संग्रह" प्रकाशनः भाग १ देखी भाग ९ सम्म विभाजन गर्ने व्यवस्था रहेको ।
- प्रहरी चौकी निर्माणः ६ वटा निर्माण सम्पन्न र ४० निर्माणाधिन ।
- सञ्चार रजिष्ट्रारको कार्यालय स्थापना एवं संचालन ।
- २४ वटा स्थानीय तहमा न्यायिक इजलास समिति गठनमा सहयोग गरिएको ।
- द्वन्द्व पिडित तथा विस्तापित परिवारका १५७५ जनालाई ३ करोड ९३ लाख ७० हजार सहायता उपलब्ध गराईएको ।
- "प्रदेश सरकारको पहिचान, निःशुल्क कानुनी जनसहायता अभियान" भन्ने नाराका साथ सरकारमा कमजोर पहुंच भएका स्थानीय तहमा कानुनी सहायता कार्यक्रम सञ्चालन गरिएको ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

- प्रदेश सरकारको बजेट आकारमा वृद्धिः आव २०७४।७५ मा १ अर्ब २ करोड रहेको, आव २०७५।७६मा रु ३६ अर्ब ६१ करोड रहेको र चालू आवमा रु ५१ अर्ब ४२ करोड रहेको ।
- संघिय अनुदानमा वृद्धिः
  - समानीकरण अनुदानतर्फ आव २०७५।७६ मा रु १ अर्ब रहेकोमा चालू आवमा रु १ अर्ब २५ करोड रहेको ।
  - सशर्त अनुदानतर्फ आव २०७५।७६ मा रु ३ अर्ब ७४ करोड २४ लाख रहेकोमा चालू आवमा रु ३ अर्व ६ करोड ४५ लाख ५२ हजार रहेको ।
  - समपरक अनुदानतर्फ  आव २०७५।७६ मा रु ८७ करोड ५९ लाख रहेकोमा चालू आवमा रु २ अर्व ६३ करोड १६ लाख ९ हजार रहेको ।
  - विशेष अनुदानतर्फ आव २०७५।७६ मा रु ७५ करोड रहेकोमा चालू आवमा ७५ स्थानीय तहका ७५ आयोजना/कार्यक्रमहरूमा रु २९ करोड ७० लाख रहेको ।
- आव २०७५/७६ को वार्षिक वजेट Sub-National Treasury Regulatory Application (SuTRA) बाट तर्जुमा गरिएको ।
- २०७६/७७ बाट हाल प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) बाट तर्जुमा गरिएको ।

# उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय

- उद्योग दर्ताः १४०२९८ वटा लघु घरेलु र साना उद्योग र १२३२३ वटा नयाँ वाणिज्य फर्महरु दर्ता भएको ।
- उद्योग क्षेत्रमा २३९५ जना उद्यमी सिर्जना भई २४ अर्ब १८ करोड पूँजी लगानी र १ अर्ब ३९ करोड पुजी वृद्धि भएको ।
- "एक निर्वाचन क्षेत्र, एक उद्योग ग्राम" कार्यक्रम अन्तर्गत ५ वटा स्थानमा निर्माण थालनी र १० स्थानको वातावरणीय अध्ययन सम्पन्न भएको ।
- सिन्धुलीको हरिहरपुरगढीमा ३६०० रोपनी क्षेत्रफलको प्रदेश औद्योगिक क्षेत्रको निर्माण कार्य थालनी भएको ।
- "उद्यमीको हात, प्रदेश सरकारको साथ" भन्ने सोचका साथ बेरोजगार युवा तथा विदेशबाट फर्किएका जनशक्तिलाई लक्षित गरी उत्पादन वृद्धिका लागि रोजगारी सिर्जना र प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत १०२९ वटा प्रविधि हस्तान्तरण गरिएको ।

# उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय

- १४ वटा साझा सुविधा केन्द्र तथा २१ वटा बजार घर तथा कृषि उपज विक्री केन्द्रको स्थापना भएको ।
- शहरी क्षेत्रमा "एक घर, दुई विरुवा" र सबै स्थानीय तहमा “एक वडा, एक वगैंचा” अभियान कार्यक्रम अन्तर्गत १४ किलोमिटर शहरी क्षेत्रमा सडक नदी किनारमा वृक्षारोपण सम्पन्न भएको ।
- प्रदेश सरकारले ४५ वटा महत्वपूर्ण पदमार्ग निर्माण गरेको ।
- प्रदेशभर झण्डै ४३ कि.मी पदमार्ग गुणस्तरीय तथा पर्यटन मैत्री पदमार्ग निर्माण भएको ।
- २५ जडीबुटी तथा बनप्रजातीका विरूवा वितरण र हाइटेक नर्सरी स्थापना गरी २ लाख ७० हजार बहुवर्षिय बिरुवा (फलफूल र जडीबुटी) स्टक राखी सुरक्षित गरिएको ।
- २०७७/०७/०७ बाट सैद्धान्तिक स्वीकृती लिई प्रदेश सरकारको पहलमा जुगल हिमाल आरोहण (ग्यालजेन पिक) खुला गरिएको ।

# उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय

- एक जिल्ला एक नमूना पर्यटन गन्तव्य कार्यक्रम अन्तर्गत सिन्धुपाल्चोकको मुडे, चित्लाङ्ग-इन्द्रसरोबर मकवानपुर, ककनी नुवाकोट, जिरी दोलखा, शिवालय रामेछाप, रूवीभ्याली धादिङ्ग, सोम्दाङ्ग रसुवा, कालेश्वर ललितपुर, सुराइचुली चितवन, सिन्धुली गढी सिन्धुलीलाई घोषणा गरिएको ।
- राष्ट्रिय वाणिज्य बैंक सँगको सहकार्यमा नवयुवाहरूलाई लक्षित गरी नि:शुल्क तालिम, व्यावसायिक योजना, सहुलियत पूर्ण कर्जाका लागि सम्झौता गरी Startup Idea Call कार्यक्रम सञ्चालन ।
- दिगो बन व्यवस्थापनबाट पूर्णकालिन १३७ जना र ५८९७१४ श्रमदिन, पर्यटनबाट १८४२८५ श्रमदिन, भुसंरक्षणबाट गरी कुल १२३४९१८ श्रमदिन अल्पकालिन रोगजारी र उद्योग क्षेत्रबाट ४६३२० जना प्रत्यक्ष रोजगारी सिर्जना भएको ।
- उत्पादनमुखी बन व्यवस्थापन अन्तर्गत १३ जिल्लाका १५८ वटा वनक्षेत्रमा जम्मा ४७२२० हेक्टर क्षेत्रफल वन व्यवस्थापन गरिएको । ५८२ हेक्टर वन क्षेत्रमा वृक्षारोपण भएको ।

# उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय

- ७३४ वटा सामुदायिक बनको कार्ययोजना र ५४ वटा समुदायमा आधारित बन समूह गठन गरी ७३६८० घरधुरी प्रत्यक्ष लाभन्भित भएका ।
- २६ लाख घनफिट काठ र ३६०० चट्टा दाउरा बजारमा आपूर्ति भएको ।
- नगरकोट लगाएतको स्थानबाट १२१० रोपनी वन क्षेत्र अतिक्रमणबाट मुक्त गरिएको।
- पानी संरक्षणका लागि पानी मुहान संरक्षण तथा संरक्षण पोखरी निर्माण कार्यक्रम अन्तर्गत १३ वटा जिल्लामा १०५ वटा पोखरी निर्माण गरिएको ।
- चुरे क्षेत्र तथा संवेदनशील क्षेत्रमा रहेका खोला र खहरेहरूमा बृहत् बाँस रोपण तथा बायोइन्जिनियरिङ प्रविधिद्वारा संरक्षण कार्यक्रम अन्तर्गत ८६३ वटा खहरे तथा पहिरो नियन्त्रण गरी ५६ किमी संरचना निर्माण गरिएको ।
- ६ वटा हिलस्टेशन र १० वटा नमुना पर्यटन गन्तव्य सहित २८६ वटा पर्यटन पूर्वाधार निर्माण गरिएको ।

# भुमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय

- सिन्धुलीको दुधौली नगरपालिका, चितवनको माडी नगरपालिका, सिन्धुपाल्चोकको मेलम्ची र ईन्द्रावती गाउपालिका र नुवाकोटको लिखु र पञ्चकन्या गाउपालिकामा गरी ७८९ कृषक घरधुरीले १७४४ बिगाहा जग्गामा सामुहिक चक्लाबन्दीमा आधुनिक एवंम् यान्त्रीकिकरणको माध्यमवाट अन्नबालि, तरकारीबाली, माछापालन, फलफुलखेती गरिरहेका ।
- २४७ वटा दुग्ध उत्पादक सहकारी मार्फत कृषककै खाता जाने गरी करिब रु ८ करोड ८८ लाख अनुदान दुध उत्पादनका लागि वितरण गरिएको ।
- प्रत्येक जिल्लामा कम्तीमा एक-एक वटा एकीकृत कृषि पर्यटन कार्यक्रम अनुरूप जिल्लाहरूमा कृषि पर्यटन प्रवर्द्धन गर्न
  - १६ वटा कालिज फार्म,
  - १८ वटा स्थानीय कुखुरा फार्म,
  - ३ वटा टर्की फार्म, १ वटा कडकनाथ र १ वटा अल्पका फार्म

  स्थापना भई सञ्चालनमा आएको ।

# भुमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय

- कृषि सडक निर्माण गर्ने नीति अनुरूप प्रदेशको १६७ स्थानमा करिब ५७२ कि.मी. साना कृषि सडकको निर्माण तथा मर्मत भई कृषि उपजको बजारीकरणमा सहयोग पुगेको ।
- ३७ वटा चिलिङ्ग सेन्टर स्थापना भई दैनिक ७२,००० लिटर दुध चिस्यान भइरहेको ।
- २५ वटा दुग्ध सहकारी संस्थाले मिल्क एनालाईजर प्रविधिवाट दैनिक ९५० लिटर दुधको न्यूनतम गुणस्तर चेकजाच हुदै आईरहेको ।
- कृषि उपजहरूको उत्पादकत्व वृद्धि गर्न कृषि फार्म स्थापना र सञ्चालन गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने नीति अनुरूप ३३ वटा साझेदारी संस्था मार्फत
  - २५.२५ रोपनीमा रेन्बो ट्राउटको रेशवे निर्माण,
  - १२ वटा ह्याचरी र
  - २१ वटा दाना उद्योग (दाना मेसिन र स्टोर घर)

  सन्चालनमा रहेको ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय


- "एक घर, एक धारा" कार्यक्रम अन्तर्गत
  - ३३ वटा खानेपानीको आयोजना सम्पन्न भएका ।
  - २८ वटा आयोजनाको गुणस्तर सुधार गरिएको ।

  यी दुवै कार्यबाट ७४१५६ जनसंख्या प्रत्यक्ष रूपमा लाभान्वित भएका ।
  - २५ वटा खानेपानीको आयोजनाहरूको सम्भाव्यता अध्ययन भएको ।
  - १०९ वटा आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार भएको ।
- नजिकैको मुख्य कालोपत्रे सडकदेखि जिल्ला सदरमुकाम तथा स्थानीय तहको केन्द्र जोड्ने सडकलाई स्तरोन्नति गर्दै आगामी चार वर्षभित्र कालोपत्रे गरिसक्ने संघीय सरकारको नीतिलाई सघाउ गर्ने उद्धेश्य अनुरूप
  - १८ वटा स्थानीय तहको केन्द्र जोड्ने प्रादेशिक लोकमार्गहरूको कूल १९३ कि.मी. र अन्य महत्त्वपूर्ण प्रादेशिक लोकमार्ग र आर्थिक केन्द्र जोड्ने सडक आयोजनाहरूको कूल २०० कि.मी. गरी जम्मा ३९३ कि.मी. सडकहरूको स्तरोन्नति भएको ।
  - प्रदेशको रूवीभ्याली गाँउपालिकामा यसै आर्थिक वर्षको अन्तसम्म सडक पुर्याउने लक्ष्य सहित कार्य भइरहेको ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

- ८९१ किलोमिटर कच्ची सडक, ४०४ किलोमिटर ग्राभेल खण्डस्मिथ सडक, १५२ किलोमिटर कलोपत्रे, ३३ किलोमिटर ढलान सडक निर्माण भएको ।
- ३३ वटा सडक पुल निर्माण भएको ।
- ११५९ किलोमिटर सडक र ३७ वटा सडक पुलको सर्भे सम्पन्न भएको ।
- बि.सं. २०८५ सम्ममा कृषियोग्य भूमिमा बाहैं महिना सिंचाई सुबिधा पुर्याउने नीति अनुरूप हर्षाही सिंचाई योजना सम्पन्न भएपश्चात ३६४ हेक्टर भू-भागमा सिंचाई सेवा सुबिधा पुगी कृषि उपजमा वृद्धि भइ ५१५ घरधुरीका ३१५७ जनता लाभान्वित भएका ।
- नारायणी लिफ्ट सिंचाई योजनाको modernization तथा मर्मत सम्भार गरि चितवन जिल्लाको ४,७०० हेक्टर भू-भागमा बाहैं महिना सिचाइ पुर्याउने कार्य भइरहेको ।
- खगेरी सिंचाई प्रणालीको योजना मर्मत गरि ३,९०० हेक्टर भू-भागमा पर्याप्त पानी पुर्याउन सकिने गरि काम भइरहेको ।

# पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग (भीमफेदी कुलेखानी) आयोजना




- आयोजना कार्यालय स्थापना गरि कार्य प्रारम्भ

- परियोजना प्रतिवेदन तथा पुनरावलोकन कार्य
  - आयोजना प्रतिवेदन तयार गरिएको।
  - आयोजनाको निर्माण कार्यको बोलपत्र आव्हान गर्नको लागि विस्तुत परियोजना प्रतिवेदन पुनरावलोकन कार्य हुँदै गरेको।

- आयोजना निर्माण सुपरिवेक्षण परामर्शदाता छनौट कार्य
  - सुपरिवेक्षण परामर्शदाताको खुल्लारुपमा आशयपत्र माग भएको।
  - कूल १२ वटा अन्तर्राष्ट्रिय परामर्शदाताहरुले आशयपत्र पेश गरेको।
  - १२ वटा मध्ये ६ वटा परामर्शदाताहरुलाई सूचिकृत गरी प्रस्ताव आव्हान गर्ने कार्य अन्तिम चरणमा रहेको।

# सामाजिक विकास मन्त्रालय

- एक विद्यालय एक नर्स कार्यक्रमः ११९ वटै स्थानीय तहका कम्तीमा एक सरकारी माध्यमिक विद्यालयमा हुने गरी जम्मा ३५९ विद्यालयमा नर्स कार्यरत रहेका ।
- अभिभावक विहीन (बाबु आमा दुबै नभएका) बालबालिकाको संरक्षण गर्न स्थानीय तहमार्फत सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत मासिक २ हजार उपलब्ध गराउने व्यवस्था गरिएको ।
- क्यान्सर पिडितलाई संघीय सरकारबाट प्रदान गरिने सुविधामा प्रदेश सरकारबाट थप रु ५० हजार उपलब्ध गराउने ब्यवस्था गरिएको ।
- प्रदेशको सरकार अन्तर्गतको ८ वटा अस्पतालहरुको क्षमता विस्तार गरी HDU ब्यवस्था गरिएको ।
- प्रदेशका अस्पताल नभएका पाँच जिल्लाका ५ वटा अस्पतालहरुलाई प्रदेश सरकार अन्तर्गत ल्याउने तयारी भएको ।
- मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठानको स्थापना भई २ वटा विषयमा अध्यापन शुरू गर्न तयारी भईरहेको ।

# सामाजिक विकास मन्त्रालय

- स्थानीय तहमा रहेका अस्पताल/स्वास्थ्य संस्था भवन निर्माण एवम् प्रदेश भित्रका अस्पतालहरुको MSS सुधार कार्यक्रम अनुरूप १३ जिल्लाका स्थानीय तहमा रहेका १७ अस्पताल/ स्वास्थ्य चौकीको भवन निर्माण भईरहेको ।
- सामुदायिक विद्यालयहरूको भौतिक तथा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत ३३ सामुदायिक विद्यालयहरुमा बिषयगत प्रयोगशाला स्थापना भएको ।
- ७० सामुदायिक विद्यालयमा इ-लाइब्रेरी तथा स्माटबोर्ड सहितको आइसीटी ल्याव स्थापना भएको ।
- चालू आव २०७७।७८ मा ५० ओटा सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला र आइसीटी ल्यावको स्थापनाको कार्यक्रम सञ्चालन भईरहेको ।
- सामुदायिक क्याम्पसहरुको भौत्तिक तथा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत ८० ओटा सामुदायिक क्याम्पसहरुको भौत्तिक सुदर्दृढीकरण भएको
- ४० सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर सुदृढिकरण कार्यक्रम सम्पन्न भएको ।

# सामाजिक विकास मन्त्रालय

- बागमती प्रदेशको इच्छा, छोरी बुहारीलाई उच्च शिक्षा" अन्तर्गत ३९८ छोरी बुहारीलाइ छात्रवृत्ति प्रदान गरिएको । चालु आवमा ५०० जनालाई उपलब्ध गराइने व्यवस्था भएको ।
- दिनेश राम्जी स्मृति बहुप्राविधक शिक्षालय (सिन्धुपाल्चोक) स्थापना र सञ्चालनको लागि पूर्वाधार विकास भईरहेको ।
- प्रत्येक जिल्लामा एक रङ्गशाला, प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा कभर्ड हल र स्थानिय तहमा खेल मैदानको निर्माण गरी खेल प्रतियोगिताको प्रवर्द्धन गर्न
  - गौरिटार, मकवानपुरमा अन्तराष्ट्रियस्तरको रङ्गशाला,
  - सिन्धुलीको कमलमाई र  दुधौली रङ्गशाला,
  - दोलखाको जीरी रङ्गशाला, र
  - थाहा, मनहरी, माडि, धनौजी, कालिका, निलकण्ठ, विदुर, तार्केश्वर, मनहरी, कागेशवरी, नखिपोट, ठेचो, भकुण्डेवेशी, वलेफी, मेलम्ची, सुनकोशी, मन्थली, खाँडदेवी, मरिन) पालिकामा कभर्ड हल

  निर्माणाधिन रहेका ।
- गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि धुर्मुस सुन्तली फाउण्डेशनलाई रु ३ करोड सहयोग गरिएको ।

# सामाजिक विकास मन्त्रालय

- बागमती प्रदेशलाई वि.सं.२०७८ सम्ममा बालविवाह मुक्त प्रदेश र वि.सं.२०८० सम्ममा बालमैत्री स्थानीय तह बनाउन ११९ स्थानीय तहमा बालविवाह विरुद्धको अभियान र बालमैत्री कार्यक्रम संचालन गरिएको ।
- युवा वैज्ञानिक प्रोत्साहन कोष स्थापना गरी अनुसन्धान, विकास र नवप्रवर्तनलागि युवा वैज्ञानिकहरूबाट अनुसन्धान कार्य शुरू भएको ।
- सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दीको अभावलाई सहयोग गर्न शून्य दरवन्दी भएका २६२ सामुदायिक विद्यालयमा अंग्रेजी, गणित र विज्ञान विषय मध्ये कुनै एक विषयमा शिक्षक व्यवस्थापन गर्न शिक्षक अनुदान उपलब्ध गराइएको ।
- आधारभुत र माध्यमिक तहका करिब ६००० जना शिक्षक र प्रअहरुको ५ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको ।
- स्वरोजगारमूलक व्यावसायिक तथा सिप विकास तालिम कार्यक्रम अन्तर्गत मागमा आधारित ३ देखि ६ महिना अवधिका सीपमुलक व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन भइरहेको ।

# धन्यवाद